# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 11.07.2024**

- **Nadda Population day**

केन्द्रिय स्वास्थ्य मन्त्री श्री जगत प्रकाश नड्डाले आज नयाँ दिल्लीमा विश्व जनसंख्या दिवसको अवसरमा राज्य तथा केन्द्रशासित प्रदेशहरूसित परिवार नियोजन र जनसंख्या नियन्त्रणका मुद्दामाथि भर्चुअल माध्यमबाट आयोजित कार्यक्रमको अध्यक्षता गर्नुभयो। कार्यक्रमको विषय रहेको थियो आमा र नानीको स्वास्थ्यका लागि गर्भधारणको उचित समय र अन्तराल। यस अवसरमा श्री नड्डाले भन्नुभयो, केन्द्र तथा राज्य दुवैले उचित परिवार नियोजन सुनिश्चित गर्न र योजनाहरू तथा पहलहरूको प्रभावी क्रियान्वयनका लागि सामूहिक रूपमा काम गर्न आवश्यक छ। अधिक जनसंख्या भएका राज्यहरू, जिल्लाहरू र खण्डहरूमा विशेष ध्यान दिनुपर्नेछ। केन्द्रिय मन्त्रीले भन्नुभयो, कम प्रजनन दरको लक्ष्य हासिल गरिसकेका राज्यहरूमा यसलाई बनाइराख्न र अन्य राज्यहरूमा यसलाई प्राप्त गर्ने दिशामा काम गर्न आवश्यक छ।

स्वास्थ्य मन्त्री श्री नड्डाले परिवार नियोजनको बारेमा जागरूकता बढाउन परिवार नियोजन सेवा प्रदाताहरूका लागि तयार पारिएको बहुउद्देशीय परिवार नियोजन प्रदर्शन मोडल "सुगम"-को पनि अनावरण गर्नुभयो। उहाँले परिवार नियोजनको बारेमा जागरूकता र परिवार नियोजनको साधनको उपयोग बढ़ाउने उद्देश्यले नयाँ रेडियो स्पोट र जिंगल्सको पनि शुभारम्भ गर्नुभयो।

--------------------------------------X--------------------------------------

- **Meeting on JJM**

पश्चिम पाण्डामका क्षेत्र विधायक श्री लालबहादुर दाशले मध्य पाण्डाम, पश्चिम पाण्डाम र बुदाङ-कमेरे GPU-मा जल जीवन अभियानअन्तर्गत मेगा पेयजल परियोजना सम्बन्धमा चर्चा गर्न आयोजित समन्वय बैठकको अध्यक्षता गर्नुभयो। आज सम्पन्न बैठकको मुख्य उद्देश्य अहिलेसम्म गरिएका कार्यको

मूल्यांकन गर्नु तथा मेगा पेयजल परियोजनाका विभिन्न पक्षको सम्बन्धमा जिल्ला पञ्चायत, पञ्चायत प्रतिनिधि, पार्षद र विभागीय अधिकारीहरूबीच खुल्ला संवादलाई प्राथमिकता दिनु हो। बैठकमा रणनीतिक योजना बनायो, ताकि मेगा पेयजल परियोजना सफलतापूर्वक पूरा हुनका साथै स्थानीय समुदायलाई सक्षम बनाउन सकियोस् र अभियानको लक्ष्य प्राप्त गर्न सकियोस् भन्ने कुराको सुनिश्चित गर्नु हो।

यसअवधि श्री दाशले विभाग र ठेकादारले परियोजना पूरा गर्न आफ्नो पहललाई प्रभावकारी ढङ्गमा अघि बढ़ाउन आवश्यक रहने विषयमा जोड़ दिनुभयो। उहाँले यो परियोजना पूरा गर्नका निम्ति विभागअघि छह महिनाको समयसीमा राख्नुभएको छ।

--------------------------------------X--------------------------------------

- **Forest Minister Visits Phidang**

वन विभाग मन्त्री श्री पिन्ट्सो नामग्याल लेप्चाले आज जङ्गुको फिदाङस्थित टिस्टा नदीबाट क्षतिग्रस्त एउटाको निरीक्षण गर्नुभयो। यसअवधि उहाँको साथमा वन विभागका सचिव श्री प्रदीप कुमार, जङ्गुका महकुमा अधिकारी श्री अरूण छेत्री, पञ्चायतगण तथा NHPC टिस्टा चरण पाँचका प्रतिनिधिहरू रहेका थिए।

भ्रमणअवधि मन्त्रीले NHPC-लाई जन सुरक्षामाथि ध्यान दिनु भन्नुभएको छ। उहाँले जङ्गुका महकुमा अधिकारीलाई केही दिनअघि क्षति भएको ग्यान ओडरूप लेप्चाको घर तथा जमीनको आकलन गर्ने निर्देश दिनुभएको छ।

--------------------------------------X--------------------------------------

- **Coordination Meeting**

मंगनका जिल्लाधीश श्री अनन्त जैनले आज पेन्टोकस्थित मंगन जिल्ला पञ्चायतको सम्मेलन कक्षमा पाँचौं राज्य वित्त आयोग र पन्द्रौं वित्त आयोगअन्तर्गत कोषमाथि चर्चा, आवन्टन र अनुमोदन गर्न आयोजित समन्वय सभाको अध्यक्षता गर्नुभयो।

बैठकमा जिल्ला अध्यक्ष श्री कादो लेप्चा, उपाध्यक्ष सुश्री सोनाम किपा भोटिया, जिल्ला योजना अधिकारी लगायत अन्यको उपस्थिति थियो।

जिल्ला पञ्चायतका क्षेत्रीय अभियन्ता श्री RD लेप्चाले राज्य र केन्द्रिय वित्त आयोगका योजनाहरूको चालू भौतिक र वित्तीय अवस्ताको विस्तृत प्रतिवेदन प्रस्तुत गर्नुभयो।

जिल्लाधीशले जिल्ला सदस्यहरूको प्रयासका निम्ति कृतज्ञता व्यक्त गर्दै उनीहरूलाई आफ्नो कार्यकालको सम्झना र जिल्लाको हितमा आ-आफ्नो GPU-का लागि मोडल परिसम्पत्तिको निर्माण गर्न छुट्याइएको धनराशिको प्रयोग गर्ने सुझाउ दिनुभयो।

जिल्ला अध्यक्ष श्री लेप्चाले जिल्ला सदस्यहरूको सामुहिक प्रयासको प्रशंसा गर्दै सफलतापूर्वक यो सत्र सम्पन्न गराएकोमा बधाई दिनुभयो अनि जिल्लावासीका लागि लगनका साथ काम गर्न आग्रह गर्नुभयो।

-------------------------------------X-------------------------------------

- **Meeting on Rakhey Mela**

नाम्चीकी जिल्लाधीश श्रीमती अनुपमा तामलिङले आज जिल्ला प्रशासनिक केन्द्रमा आगामी राँके मेलालाई लिएर आयोजित बैठकको अध्यक्षता गर्नुभयो। नाम्चीका वरिष्ठ पुलिस अधिक्षक डाक्टर TN ग्याछो र अतिरिक्त जिल्लाधीस श्री सुभाष घिमिरे पनि उपस्थित रहनुभएको बैठकमा उत्सवसित सम्बन्धित विभिन्न विषयमाथि सुझाउ राख्दै राँके मेला आयोजक समितिलाई नाम्चीको यस उत्सवलाई संरक्षण गर्नका साथै प्रख्यात बनाउन प्रोत्साहित गर्नुभयो। उहाँले समारोहअवधि उचित कानून व्यवस्थाको पालन गरिने पनि आश्वासन दिनुभयो। यो जिल्ला स्तरीय उत्सव भएका कारण उहाँले समितिलाई राज्य सरकारको विचारमाथि ध्यान दिन पनि आग्रह गर्दै सम्पूर्णता अभियानअन्तर्गत नि:शुल्क स्वास्थ्य जाँच शिविरको आयोजना गर्न सकिने पनि सुझाउ राख्नुभयो। जिल्लाधीशले समितिका सदस्यहरूलाई उत्सवअवधि शुन्य फोहोर प्रबन्धनलाई प्राथमिकता दिने पनि सल्लाह दिनुभएको छ।

बैठकमा जानकारी गराइएअनुसार यस समारोहमा पारम्परिक अनुष्ठान, सांगीतिक प्रस्तुति तथा खाद्य संस्कृतिको विकाससहित विभिन्न खेकुद कार्यक्रम आयोजन गरिने। बैठकपछि जिल्लाधीस लगायत अन्यद्वारा यस वर्षको समारोहस्थल किसान बजार र सेन्ट्रल पार्कको निरीक्षण गरियो।

--------------------------------------X--------------------------------------

- **Tendong Lho Rum Fat**

टेन्डोङ ल्हो रूमफात आयोजक समितिले आज ग्रामीण विकास विभागका मन्त्री श्री अरूण उप्रेतिसित भेट गऱ्यो। श्री उप्रेतीलाई सिक्किम सरकारले समितिका अध्यक्ष नियुक्त गरेको छ। भेटअवधि उहाँले यस पर्वलाई सफल तुल्याउन हुनसक्ने सहयोग उपलब्ध गर्ने आश्वासन दिनुभएको छ।

--------------------------------------X--------------------------------------